आज मिति २०८१ साल चैत्र ३१ गते आइतबारका दिन इलाम नगरपालिकाका नगर प्रमुख श्री केशर थापाज्यूको अध्यक्षतामा निम्न पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको ~~आठौं बैठक~~ नवौं बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

उपस्थिति :-

प्रमुख श्री केशर थापा

उपप्रमुख श्री विष्णु कुमारी लिम्बु (दाहाल)

वडाध्यक्ष श्री गायत्रीराम बस्नेत

" श्री गिरिराज रिमाल

" श्री हेम बहादुर सुनुवार

" श्री नुतनदेव दुलाल

" श्री कान्छी बहादुर श्रेष्ठ

" श्री दुर्गा श्रेष्ठ

" श्री नरेश श्रेष्ठ

" श्री दलमान तामाङ

" श्री गोपाल चौहान

" श्री ओमनाथ प्रधान

" श्री टोसी खबेगा

" श्री लालमान लिम्बु

का.पा.स. श्री डायना राई

" श्री सरिमाया कामिनी

" श्री धनमाया लिम्बु

" श्री कुमारी त्वाग्न

" श्री बिबि ~~क~~ लिम्बु

" श्री विरेन्द्र बहादुर राई

" श्री देवेन्द्र बुढ्थिया

" श्री दिपक त्रिखत्री

सचिव प्र.प्र.अ. श्री गणेश कुमार खड्का

## नवौं कार्यपालिका बैठक मिति २०८१।१२।३१ का निर्णयहरु

निर्णय नं १

नगर कार्यपालिकाको आठौं बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति बैठकमा प्रस्तुत भइ छलफल गरियो। उक्त बैठकका प्रमुख निर्णयहरुको कार्यान्वयन निम्नानुसार भएको पाइयो । आगामी दिनमा समेत कार्यपालिकाका निर्णयहरु समयमा नै प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

क. इलाम नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८० को दफा ५२.१ र ५२.२ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति गठन भई वडामा समेत गठनको लागि पत्राचार गरिएको ।

ख. इको र्याप नेपाल प्रा.लि. काठमाडौंद्वारा उत्पादित जैविक रेशायुक्त वातावरणमैत्री झोला विक्रि वितरण अनुमति प्रदान गरि हाल विक्रि वितरण प्रारम्भ भइसकेको ।

ग. उप-प्रमुख सीप विकास कोष संचालन (दोस्रो संशोधन कार्यविधि), २०८१ स्वीकृत भई कार्यान्वयन भएको ।

घ. बरबोटेली चिया उत्पादक सहकारी संस्था लि., इलाम ५ लाई नेपाल बहुउद्देश्यीय सहकारी संस्थासँग एकिकरण गर्नको लागि पूर्व स्वीकृतिको लागि आवश्यक सिफारिस प्रदान गरिएको ।

ङ. इलाम नगरपालिका भित्रका विद्यालयहरुमा कक्षा कोठामा डायरीको प्रयोग नभएको, इ-हाजिरी र रजिष्टर समानान्तर रुपमा प्रयोग गर्ने गरेको सम्वन्धमा गुनासो प्राप्त भएकोमा सम्पूर्ण विद्यालयहरुलाई डायरीको प्रयोग तथा इ-हाजिरी अनिवार्य रुपमा गर्न सूचित गरिएको ।

च. सितभण्डार पूर्वाधार निर्माण सम्वन्धमा शर्त संशोधन गरि पूनः सूचना आव्हान गरिएको ।

छ. वातावरण मैत्री स्थानीय शासन संचालन कार्यविधी, २०८० बमोजिम वातावरण मैत्री वडा घोषणाको लागि वडा थप गरि प्रस्ताव माग गरिएकोमा आर्थिक तथा प्राविधिक प्रस्ताव प्राप्त भएको ।

निर्णय नं २

इलाम नगरपालिका वडा नं. ७ स्थित बहुतले पार्किङ्ग भवनमा थप संरचना निर्माणको लागि उक्त भवन भाडामा लिनका लागि तयारी सम्झौता गर्ने पक्षबाट अनुमती माग भएकोमामानिस आवगमनका लागि र भवन अगाडीका पेशा व्यवसाय संचालनमा बाधा नपर्ने गरि सवारी साधन प्रवेशलाइ पार्किङ्ग प्रयोजनका लागि नियन्त्रण गर्ने गरि उपयुक्त संरचना निर्माणका लागि अनुमती प्रदान गर्ने ।साथै भवन परिसरमा नियमानुसार अन्य देहायका माग बमोजिम अनुमति प्रदान गर्ने ।

देहाय :

क. पार्किङ्ग व्यवस्थित गर्न Building परिसर अगाडि बार लगाईन्छ आगे संधियारहरुको घरबाट अन्दाजी ५ देखि ६ फिट छोडेर अन्दाजी १ फिट देखि २ फिट उचाई सम्मको बार निर्माण गर्ने सहज आवत-जावतमा बाधा नपर्ने गरि अनुमती प्रदान गर्ने ।

ख. पार्किङ्ग भवन र सवारी साधनको माग अनुसार ईलेक्ट्रिक चार्जिङ्ग स्टेसनको लागि अनुमति प्रदान गर्ने ।

CS CamScanner

ग. पार्किङ्ग भवनमा Safety Tank हालसम्म पनि नभएकोले हाल पार्किङ्ग भवनमा Safety Tank र Toilet Bathroom को लागि संरचना हेरफेर गरी निर्माण गर्ने ।

निर्णय नं. ३

पदमार्गमा आधारित पर्यटन विकास परियोजनाबाट तयार भएको स्टिमेट बमोजिम फाल्गुनन्द पदमार्ग निर्माणका लागि इलाम नगरपलिकाको तर्फबाट आ.व. २०८२।८३ मा व्यहोर्नु पर्ने बजेट रु १०८५०००। ( दशलाख पचासी हजार) बजेट सुनिश्चितताका सम्बन्धमामा पत्राचार गर्ने ।

निर्णय नं. ४

इलाम नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दि मिलान सम्वन्धी निम्न आधारहरु बमोजिम कायम हुने देहाय अनुसारको दरवन्दी कायम गरि दरवन्दी मिलानको कार्यलाइ अघि बढाउने ।

<u>इलाम नगरपालिका भित्रका सामुदायिक विद्यालयका शिक्षकहरुको दरबन्दी मिलानका आधारहरु:</u>

क. २०८१ सालको विद्यार्थी संख्यालाई आधार मान्दा आधारभूत तह कक्षा १ – ५ मा प्रति ७ विद्यार्थी बराबर एक जना शिक्षक (विद्यार्थी १६०६ र शिक्षक दरवन्दी २२४), आधारभूत तह कक्षा ६ – ८ मा प्रति १७ विद्यार्थी बराबर एक शिक्षक (विद्यार्थी १२२४ र शिक्षक दरवन्दी ७४) र माध्यमिक तह कक्षा ९ – १० मा प्रति १७ विद्यार्थी बराबर एक शिक्षक (विद्यार्थी ९५६ र शिक्षक दरवन्दी ५५) देखिन्छ ।

ख. हाल नगरपालिकामा मौज्दात रहेको दरवन्दी प्राथमिक तहको २२४ (३ वटा स्रोत कक्षा र एक लेखाजोखा संयोजक बाहेक), निम्न माध्यमिक तहको ७४, माध्यमिक तहको ५२ र माध्यमिक तहको शिक्षण सहयोग अनुदान ३ गरी जम्मा कक्षा १ – १० को लागि ३५३ जना शिक्षकको दरवन्दी मौज्दात रहेको छ ।

ग. कक्षा ३ सम्म संचालित प्राथमिक तहमा न्यूनतम २ वटा दरबन्दी कायम गर्ने ।

घ. २५ जनासम्म विद्यार्थी संख्या भएको कक्षा ५ सम्म सञ्चालित प्राथमिक तहमा कम्तीमा ३ दरबन्दी कायम गर्ने ।

ङ. प्राथमिक तह कक्षा १ – ५ मा २५ जना भन्दा धेरै विद्यार्थी भएकोमा प्रति १५ विद्यार्थी बराबर १ शिक्षक थप हुँदै जाने ।

च. निम्न माध्यमिक (कक्षा ६-८) तहको हकमा न्यूनतम ४ विषयगत दरबन्दी (नेपाली, अंग्रेजी, गणित/विज्ञान र सामाजिक) कायम हुनुपर्ने कानुनी व्यवस्था रहेको र थप दरबन्दी प्राप्त गर्न ४५ जना विद्यार्थी थप भएको हुनुपर्ने । (थप दरबन्दी प्राप्त गर्न ६८ जना भन्दा धेरै विद्यार्थी भई प्रति ४५ जना विद्यार्थी बराबर १ शिक्षक)

छ. माध्यमिक तह (कक्षा ९-१०) को हकमा न्यूनतम ५ दरबन्दी (नेपाली, अंग्रेजी, गणित/विज्ञान, सामाजिक, ऐच्छिक विषय) कायम हुनुपर्ने कानुनी व्यवस्था रहेको र थप दरबन्दी प्राप्त गर्न ४५

CamScanner

जना विद्यार्थी थप भएको हुनुपर्ने । (थप दरबन्दी प्राप्त गर्न ८५ जना भन्दा धेरै विद्यार्थी भई प्रति ४५ जना विद्यार्थी बराबर १ शिक्षक।

ज. कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी भएको रहेछ भने सबै तहको शिक्षक दरबन्दी एकमुष्ठ गणना गरी न्यूनतम दरबन्दी संख्या सुनिश्चित गर्ने ।

झ. विद्यालयमा बढी भएको दरबन्दीलाई नगरपालिकाको पुलमा राखी नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार आवश्यकतानुसार कामकाज गर्न खटाउने ।

ञ. कुनै विद्यालयमा शिक्षक दरबन्दी बढी भएको अवस्थामा कुनै कारणबाट रिक्त भएमा उक्त रिक्त पदमा पदपूर्ति नगरी नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार दरबन्दी स्थानान्तरण गरिसकेपछि मात्र पदपूर्ति पारस्परिक सरुवा वा सरुवाको प्रकृया अघि बढाउने ।

ट. दरबन्दी कटौती हुने विद्यालयमा कार्यरत शिक्षकले दरबन्दी थप हुने विद्यालयमा सरुवा भई जान चाहेमा निजलाई दरबन्दीसहित सरुवा गर्न सकिने ।

ठ. दरबन्दी कटौती हुने विद्यालयको कटौती हुने दरबन्दी रिक्त हुनासाथ दरबन्दी थप हुने विद्यालयमा नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार बढिमा १ महिना भित्रमा दरबन्दी स्थानान्तरण गरिने छ ।

ड. माथिका आधारहरुमा तपसिलबमोजिम विद्यालयगत दरबन्दी कायम गरी दरबन्दी कटौती हुने सम्बन्धित विद्यालयलाई जानकारी गराउने ।

## सामुदायिक विद्यालय कक्षा १ - १० विद्यार्थी शिक्षक विवरण २०८१

| क्र.सं | विद्यालयको नाम | ठेगाना | कक्षा १-५ | दरबन्दी | आवश्यक | कक्षा ६-८ | दरबन्दी | आवश्यक | कक्षा ९-१० | दरबन्दी | आवश्यक | जम्मा विद्यार्थी | जम्मा दरबन्दी | आवश्यक दरबन्दी | थप हुने दरबन्दी | कटौती हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अमर मा.वि. | इलाम - ५ | १६७ | ७ | १२ | १८२ | ६ | ७ | १८८ | ५ | ७ | ५३७ | १८ | २६ | ८ | |
| २ | अमरज्योति आ.वि. | इलाम - १२ | ४६ | ६ | ५ | २० | १ | ४ | ० | | | ६६ | ७ | ९ | २ | |
| ३ | आदर्श आ.वि. | इलाम - ७ | २१ | ४ | ३ | ० | | | ० | | | २१ | ४ | ३ | | १ |
| ४ | आदर्श मा.वि. | इलाम - ७ | ७३ | ८ | ७ | १९० | ८ | ७ | २३६ | ८ | ९ | ४९९ | २४ | २३ | | १ |
| ५ | एकता आ.वि. | इलाम - ५ | १८ | ३ | ३ | ० | | | ० | | | १८ | ३ | ३ | ० | ० |
| ६ | चन्द्रोदय आ.वि. | इलाम - ५ | १७ | ३ | ३ | ० | | | ० | | | १७ | ३ | ३ | ० | |
| ७ | जनकल्याण आ.वि. निर्फूक | इलाम - ११ | १० | ३ | ३ | ० | | | ० | | | १० | ३ | ३ | ० | ० |
| ८ | जनकल्याण आ.वि. सिडफ्रिङ | इलाम - ६ | ४७ | ५ | ५ | २७ | ४ | ४ | ० | | | ७४ | ९ | ९ | ० | ० |
| ९ | जनता आ.वि. | इलाम - १ | ३७ | ८ | ४ | २५ | १ | ४ | ० | | | ६२ | ९ | ८ | | १ |
| १० | जलेश्वरी आ.वि. | इलाम - ११ | ९ | २ | २ | ० | | | ० | | | ९ | २ | २ | ० | ० |
| ११ | दुर्गा आ.वि. | इलाम - ५ | ३९ | ५ | ४ | ० | | | ० | | | ३९ | ५ | ४ | | १ |
| १२ | दुपादेवी आ.वि. | इलाम - ६ | १९ | ४ | ३ | ० | | | ० | | | १९ | ४ | ३ | | १ |
| १३ | देउराली आ.वि. | इलाम - १२ | १९ | ३ | ३ | ० | | | ० | | | १९ | ३ | ३ | ० | ० |
| १४ | देवकोटा आ.वि. घोष | इलाम - ६ | २३ | ३ | ३ | ० | | | ० | | | २३ | ३ | ३ | ० | ० |
| १५ | देवकोटा आ.वि. भित्ते | इलाम - ४ | ५३ | ४ | ५ | ० | | | ० | | | ५३ | ४ | ५ | १ | |
| १६ | दोभान आ.वि. | इलाम - ११ | १९ | ३ | ३ | ० | | | ० | | | १९ | ३ | ३ | ० | ० |
| १७ | नन्द मा.वि. | इलाम - १० | ४४ | ८ | ५ | ४८ | ३ | ४ | ३२ | ३ | ५ | १२४ | १४ | १४ | ० | ० |
| १८ | नयाँ नमुना आ.वि. | इलाम - १० | १७ | ३ | ३ | ० | | | ० | | | १७ | ३ | ३ | ० | ० |
| १९ | नारायण आ.वि. | इलाम - १० | ३१ | ४ | ४ | ० | | | ० | | | ३१ | ४ | ४ | ० | ० |
| २० | नेपालटार मा.वि. | इलाम - १ | ३८ | ७ | ४ | ८० | ५ | ५ | ८७ | ५ | ५ | २०५ | १७ | १४ | | ३ |
| २१ | पूर्णस्मारक मा.वि. | इलाम - १० | २९ | ४ | ४ | ५९ | ४ | ४ | ३७ | ५ | ५ | १२५ | १३ | १३ | ० | ० |
| २२ | बरबोटे आ.वि. | इलाम - ५ | १८ | ५ | ३ | २१ | २ | ४ | ० | | | ३९ | ७ | ७ | ० | ० |
| २३ | बालकन्या मा.वि. | इलाम - ११ | ५२ | ६ | ५ | ६० | ४ | ४ | ५२ | ३ | ५ | १६४ | १३ | १४ | १ | |
| २४ | बालमण्डल मा.वि. | इलाम - ४ | ५८ | ५ | ६ | ४५ | ४ | ४ | ३१ | ४ | ५ | १३४ | १३ | १५ | २ | |
| २५ | भगवती मा.वि. | इलाम - ९ | ३६ | ७ | ४ | ३७ | ४ | ४ | ७६ | ५ | ५ | १४९ | १६ | १३ | | ३ |
| २६ | महमाई आ.वि. भञ्ज्याङ्ग | इलाम - ९ | ७२ | ९ | ७ | ७५ | ३ | ५ | ० | | | १४७ | १२ | १२ | ० | ० |
| २७ | महामाया आ.वि. | इलाम - १० | २७ | ३ | ४ | ० | | | ० | | | २७ | ३ | ४ | १ | |
| २८ | महेन्द्रोदय आ.वि. | इलाम - ८ | १७ | ४ | ३ | ० | | | ० | | | १७ | ४ | ३ | | १ |
| २९ | महेश्वरा आ.वि. | इलाम - ११ | ३८ | ७ | ४ | ४१ | १ | ४ | ० | | | ७९ | ८ | ८ | ० | ० |
| ३० | रत्नलक्ष्मी आ.वि. | इलाम - १२ | ६७ | ५ | ६ | ४७ | २ | ४ | ० | | | ११४ | ७ | १० | ३ | |

## सामुदायिक विद्यालय कक्षा १ - १० विद्यार्थी शिक्षक विवरण २०८१

| क्र.सं | विद्यालयको नाम | ठेगाना | कक्षा १-५ | दरबन्दी | आवश्यक | कक्षा ६-८ | दरबन्दी | आवश्यक | कक्षा ९-१० | दरबन्दी | आवश्यक | जम्मा विद्यार्थी | जम्मा दरबन्दी | आवश्यक दरबन्दी | थप हुने दरबन्दी | कटौती हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | रुक्मिणी आ.वि. | इलाम - ४ | २७ | ३ | ४ | ० | | | ० | | | २७ | ३ | ४ | १ | |
| ३२ | वाल्मिकी सिंहदेवी आ.वि. | इलाम - ३ | ४४ | ७ | ५ | ४३ | १ | ४ | ० | | | ८७ | ८ | ९ | १ | |
| ३३ | विणापाणी मा.वि. | इलाम - ३ | ५० | ६ | ५ | २८ | ४ | ४ | ५५ | ४ | ५ | १३३ | १४ | १४ | ० | ० |
| ३४ | विद्या आ.वि. | इलाम - ८ | १९ | ५ | ३ | ० | | | ० | | | १९ | ५ | ३ | | २ |
| ३५ | शारदा मा.वि. | इलाम - ३ | ३३ | ५ | ४ | २५ | ४ | ४ | २७ | ३ | ५ | ८५ | १२ | १३ | १ | |
| ३६ | सत्यनारायण आ.वि. | इलाम - ६ | २१ | ४ | ३ | ० | | | ० | | | २१ | ४ | ३ | | १ |
| ३७ | सप्तमाई गु.सं.वि.मा.वि. | इलाम - ५ | १५ | ६ | ३ | ५२ | ३ | ४ | ३३ | ३ | ५ | १०० | १२ | १२ | ० | ० |
| ३८ | साङरुम्बा मा.वि. | इलाम - १२ | ३६ | ७ | ४ | ४२ | ४ | ४ | ५५ | ४ | ५ | १३३ | १५ | १३ | | २ |
| ३९ | सिंहदेवी आ.वि. तिल्केनी | इलाम - ८ | १९ | ५ | ३ | ० | | | ० | | | १९ | ५ | ३ | | २ |
| ४० | सिंहदेवी आ.वि. सुम्बेक | इलाम - २ | ९ | २ | २ | ० | | | ० | | | ९ | २ | २ | ० | ० |
| ४१ | सिद्दार्थ आ.वि. | इलाम - ३ | ११ | २ | २ | ० | | | ० | | | ११ | २ | २ | ० | ० |
| ४२ | सिद्धेश्वरी आ.वि. बरबोटे | इलाम - ४ | ४६ | ७ | ५ | ३७ | २ | ४ | ० | | | ८३ | ९ | ९ | ० | ० |
| ४३ | सिद्धेश्वरी आ.वि. सोयाक | इलाम - ११ | २४ | ३ | ३ | ० | | | ० | | | २४ | ३ | ३ | ० | ० |
| ४४ | सिम्ले आ.वि. | इलाम - ११ | २६ | ३ | ३ | ० | | | ० | | | २६ | ३ | ३ | ० | |
| ४५ | सुम्बेक मा.वि. | इलाम - २ | ३० | ७ | ४ | ४० | ४ | ४ | ४७ | ३ | ५ | ११७ | १४ | १३ | | १ |
| ४६ | सूर्योदय आ.वि. | इलाम - ४ | ३२ | ४ | ४ | ० | | | ० | | | ३२ | ४ | ४ | ० | ० |
| | जम्मा | | १६०३ | २२४ | १८७ | १२२४ | ७४ | ९६ | ९५६ | ५५ | ७१ | ३७८३ | ३५३ | ३५४ | २१ | २० |
| | अनुपात | | ७ | | | १७ | | | १७ | | | | | | | |

## नवौं कार्यपालिका बैठक मिति २०८१।१२।३१ का निर्णयहरु

निर्णय नं. ५ :

पूर्वाधार विकास समितिबाट सिफारिस भई आएका तपशील बमोजिमका व्यक्तिहरुलाई घरनक्सा पासको सम्पन्नता प्रमाण-पत्र उपलब्ध गराउने ।

| सि. नं. | निवेदक | स्थलगत विवरण | निर्णय हुन सिफारिस |
|---|---|---|---|
| १ | सुनिता देवी डोम इ.न.पा. ७ कि.नं. २/क ६७७ र ७८० क्षेत्रफल क्रमशः ०-२-३-२ र ०-२-०-० जग्गा २ तल्ला भवन निर्माण गरी निर्माण सम्पन्नको लागि पेश भएको | • मिति २०८०/०६/०९ मा ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि. स्ल्याब भएको २ (दुई) तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १६२.४० व.मि. भएको भवनको प्लिन्थ लेबल निर्माण इजाजत जारी भएको ।<br>• २०८१/१०/१० मा २ (दुई) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १७४.८३ व.मि. भएको संसोधित As Built नक्सा सहित निर्माण सम्पन्नको लागि पेश भएको ।<br>• भवन निर्माणको लागि प्रस्तावित जग्गाको नापी नक्सा र भोगचलनमा फरक परेको देखिएको ।<br>• नेपाल राष्ट्रिय भवन संहिता २०६० पालना भएको। | • भवन निर्माणको लागि प्रस्तावित जग्गाको नापी नक्सा र भोगचलनमा फरक देखिएको भएतापनि,<br>• नापी नक्सा र भोगचलनमा फरक परेको कारणले भविष्यमा उत्पन्न हुनेसक्ने क्षती आपसमा वेहोर्न मन्जुर हुने साथै उजुर परेमा साविक नापी नक्सा अनुसार कायम रहने गरी घरधनी र संधियारहरु बीच कबुलियतनामा गराउने ।<br>• पेश भए अनुसार २ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १७४.८३ व.मि. मध्ये पूर्व इजाजत भन्दा बढी निर्माण ढुंगा सिमेन्टको गारोमा आर.सि.सि. स्ल्याब भएको १२.४३ व.मि को इलाम नगरपालिकाको १५ औं नगरसभाको निर्णयानुसार नियमित शुल्कको १२५ प्रति व.मि. को दरले रु १५५३.७५/- र फिल्ड भेरिफिकेशन शुल्क रु २०००/- गरी जम्मा हुन आउने रु ३५५३.७५ शुल्क लिई नक्सापास प्रकृया अगाडी बढाउने । |
| २ | टिका माया बिष्ट, इ.न.पा. ६ कि.नं. ८/ख १५९०, क्षेत्रफल ०-४-१-० जग्गामा ३ (तीन) तल्ला भवन निर्माण सम्पन्न गरी मिति २०८१/१२/०३ मा भवन निर्माण सम्पन्नको लागि पेश भएको । | • मिति २०७६/०३/१७ मा ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि. स्ल्याब भएको २ (दुई) तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १४१.६८ व.मि. भएको भवनको प्लिन्थ लेबल निर्माण इजाजत जारी भएको ।मिति २०७६/०६/०८ मा सुपरस्ट्रक्चर इजाजत जारी भएको ।<br>• मिति २०८१/१२/०३ मा संसोधन नक्सा सहित ३ (तीन) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल २३८.४९ व.मि भएको As Built नक्सा निर्माण सम्पन्नको लागि पेश भएको ।<br>• हालको मापदण्ड अनुसार ग्राउण्ड कभरेज र साईड मार्जिन पालना नभएको<br>• नेपाल राष्ट्रिय भवन संहिता २०६० पालना भएको। | • विकास निर्माण मापदण्ड बमोजिम ग्राउण्ड कभरेज र साइड मार्जिन पालना नभएको भएतापनि,<br>• स्थलगत सरजमिन मुचुल्का गर्नुपर्ने ।<br>• संधियार आफैं वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गरिदिनुपर्ने ।<br>• पेश भए अनुसार ३ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल २३८.४९ व.मि. मध्ये इलाम नगरपालिकाको १५ औं नगरसभाको निर्णयानुसार स्वीकृत इजाजत १४१.६८ व.मिको नियमित शुल्क रु १३५ प्रति व.मिको दरले १९१२६.८० थप क्षेत्रफल ९८.८१ व.मि. को अभिलेखिकरण शुल्कको १.५ गुणा रु ४५७.५ प्रति व.मि. को दरले रु ४५२०५.५ र फिल्ड भेरिफिकेशन शुल्क रु २५००/- गरी जम्मा हुन आउने रु ६६८३२.४० शुल्क लिई विकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने । |

CS CamScanner

## नवौं कार्यपालिका बैठक मिति २०८१।१२।३१ का निर्णयहरु

| | | | |
|---|---|---|---|
| ३ | विद्या कुमारी राई, इ.न.पा. ७ कि.नं. २/क ६३२, १२८४, १२८६ र २०५६, क्षेत्रफल क्रमशः ०-१-१-२, ०-०-३-२, ०-०-०-२ र ०-४-०-० जग्गामा ३ तल्ला भवन निर्माण सम्पन्न गरी मिति २०८१/०९/१७ मा भवन निर्माण सम्पन्नको लागि पेश भएको । | • मिति २०७८/०१/०८ मा ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि. स्ल्याब भएको ३ (तीन) तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल २१९.५४ व.मि. भएको भवनको प्लिन्थ लेबल निर्माण इजाजत जारी भएको ।मिति २०७६/०६/०८ मा सुपरस्ट्रक्चर इजाजत जारी भएको ।<br>• मिति २०८१/०९/१७ मा संसोधन नक्सा सहित ३ (तीन) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल २२२.०६ व.मि भएको As Built नक्सा निर्माण सम्पन्नको लागि पेश भएको ।<br>• विकास निर्माण मापदण्ड अनुसार सडक अधिकार क्षेत्र सडकको केन्द्रबाट (१५.० मिटर) र सेटव्याक (६.० मिटर) सडक तर्फ २१.० मिटर छोड्नुपर्नेमा १९.७५ मिटर मात्र छोडी निर्माण भएको ।<br>• हालको मापदण्ड अनुसार साईड मार्जिन पालना नभएको<br>• नेपाल राष्ट्रिय भवन संहिता २०६० पालना भएको। | • विकास निर्माण मापदण्ड बमोजिम सेटव्याक र साईड मार्जिन पालना नभएको भएतापनि,<br>• स्थलगत सरजमिन मुचुल्का गर्नुपर्ने ।<br>• संधियार आफै वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गरिदिनुपर्ने ।<br>• आवश्यक परेको समय/अवस्थामा सेटव्याकमा परेको भाग घरधनी आफैले भत्काउने कबुलियतनामा गराउने ।<br>• पेश भए अनुसार ३ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १५६.४६ व.मि. इलाम नगरपालिकाको १५ औं नगरसभाको निर्णयानुसार स्वीकृत इजाजत २१९.५४ व.मि.को नियमित शुल्कको १.७५ गुणा रु २३६.२५ प्रति व.मि. को दरले रु ५१८६६.३०, थप क्षेत्रफल २.५२ व.मि. को अभिलेखिकरण शुल्कको १.२ गुणा रु ३६६/- प्रति व.मि. को दरले रु ९२२.९२, र फिल्ड भेरिफिकेशन शुल्क रु २५००/- गरी जम्मा हुन आउने रु ५५२८८.६२ शुल्क लिई विकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने । |
| ४ | ऋतुमर्दन र अम्बर बहादुर बस्नेत समेत, इ.न.पा. ७ कि.नं. २/क ३७९ क्षेत्रफल ०-४-३-३ ४ (चार) तल्ला निर्माण सम्पन्न गरी मिति २०८१/११/०५ मा अभिलेखिकरणको लागि पेश भएको । | • मिति २०८१/११/०५ मा ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि. स्ल्याब भएको ४ (चार) तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल २९३.२० व.मि. अभिलेखकरणको लागि पेश भएको ।<br>• विकास निर्माण मापदण्ड अनुरुप साईड मार्जिन पालना नभएको ।<br>• हालको नेपाल राष्ट्रिय भवन संहिता पालना नभएको। | • हालको विकास निर्माण मापदण्ड अनुरुप साइड मार्जिन र नेपाल राष्ट्रिय भवन संहिता पालना नभएको भएतापनि,<br>• संधियारको नाममा १५ दिने सूचना प्रकाशित गरी स्थलगत सरजमिन गर्नुपर्ने ।<br>• भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षतीसमेतको घरधनी जिम्मेवार हुने कबुलियत गराउने ।<br>• संधियार आफै वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गरिदिनुपर्ने ।<br>• पेश भए अनुसार ४ (चार) तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल २९३.२० व.मि. आर.सि.सि. फ्रेमस्ट्रक्चर इलाम नगरपालिकाको १५ औं नगरसभाको निर्णयानुसार अभिलेखिकरण शुल्कको १.३५ गुणा रु ४११.७५ प्रति व.मि. को दरले रु १२०७२५.१० र फिल्ड भेरिफिकेशन शुल्क रु २५००/- गरी जम्मा हुन आउने रु १२३२२५.१० शुल्क लिई विकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने । |

CS CamScanner

नवौं कार्यपालिका बैठक मिति २०८१।१२।३१ का निर्णयहरु

निर्णय नं. ६

शैक्षिक सत्र २०८२ का लागि संस्थागत विद्यालयहरुको शूल्क सम्बन्धमा नगर शिक्षा समितीबाट प्राप्त शुल्क प्रस्तावलाई स्वीकृत गर्ने । साथै विद्यालयहरुको ग्रेडिङ्ग गरि शुल्क निर्धारण गर्ने सम्बन्धमा अध्ययन गरि प्रतिवेदन पेश गर्न देहायको पदाधिकारीहरु रहने गरि समिति गठन गरि समितिले जेष्ठ मसान्त भित्रमा प्रतिवेदन पेश गर्ने ।

देहाय

सामाजिक विकास समितिका संयोजक वडाध्यक्ष श्री गिरिराज रिजाल — संयोजक
वडाध्यक्ष श्री दुर्गा श्रेष्ठ - सदस्य
वडाध्यक्ष श्री नरेश श्रेष्ठ - सदस्य
शिक्षा शाखा प्रमुख श्री राधिका घिमिरे — सदस्य सचिव

निर्णय नं. ७

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आन्तरिक व्यवस्थापन शाखाको च.नं. १२५३, मिति २०८१।११।२२ तथा राष्ट्रिय सतर्कता केन्द्रको च.नं. २४/२०२८ मिति २०८१।११।०६ गतेको पत्रानुसार सेवा निवृत्त सवारी चालकहरुलाई यस कार्यालयमा पुनःनियुक्त गरि निवृत्तिभरण साथसाथै तलब भत्ता लगायतको दोहोरो सुविधा उपलब्ध गराउने कार्य नगरिएको तथा आगामी दिनमा समेत प्राप्त सुझावलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

कोशी प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधी, २०८१ बमोजिम आ.व. २०८२।८३ का लागि तपशिल बमोजिमका योजनाहरु कार्यान्वयनका लागी छनौट गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा पेश गर्ने ।

समपुरक अनुदान तर्फ

१. इ.न.पा. ०९ (भन्ज्याङ्ग) — स्वास्थ्य चौकी-रिंग रोड हुँदै सटके-सोयाक सडक
२. वडा कार्यालय भवन निर्माण, इ.नपा. ०४

निर्णय नं. ९

आ. व. २०८०/०८१ को प्रदेश सरकार अन्तर्गत सशर्त अनुदानबाट लेकाली कृषि सहकारी संस्था लि इ न पा -१ साखेजुङ्गमा प्राङ्गारीक मल उत्पादन पूर्वाधार निर्माण सम्पन्न भई प्राङ्गारीक मल उत्पादन पहिलो चरणमा उत्पादन भईरहेको र आ. व. २०८१/०८२ को लागि पुन लेकाली कृषि सहकारी सहकारी संस्था लि. इ.न.पा. -१, साखेजुङ्गले आवस्यक सामग्री माग सहित प्रस्ताव पत्र सहितको निवेदन पेश गरेको हुँदा आ. व. २०८१/०८२ को प्रदेश सरकार प्रदेश सशर्त अनुदानमा प्राङ्गारीक मल उत्पादन पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत रु १०,००,०००।—रकम विनियोजन भई आएको रकमबाट थप आवस्यक सामग्री साथै

CamScanner

नवौं कार्यपालिका बैठक मिति २०८१।१२।३१ का निर्णयहरु

व्यवस्थापन र परिचालनमा लेकाली कृषि सहकारी सहकारी संस्था लि. इ.न.पा. -१, साखेजुङ्गलाई दिने निर्णय गरियो ।

निर्णय नं. १०

राजश्व परामर्श समितिको मिति २०८१।१२।१० को बैठकबाट सिफारिस भई आएको देहायको परामर्शलाई अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

क. इलाम नगरपालिका वडा नं ७ बजार क्षेत्रको ट्राफिक व्यवस्थापनको लागि पार्किङ् तथा कृषि हाटबजार प्रयोजनको लागि कार्यालयले बहालमा लिएको दुर्गा प्रसादको उप्रेतीको १/ख कि नं ४० क्षेत्रफल ११६२.४० भएको जग्गामा व्यवसाय गर्दै आएका निम्नाअनुसारको भाडा दर कायम गर्न ।

| क सं | सटर नं | भाडा दर |
|---|---|---|
| १ | १ क र ख | १६०००।० |
| २ | २ क र ख | १५०००।० |
| ३ | ३ क र ख | १४०००।० |
| ४ | ४ क र ख | १३०००।० |
| ५ | ५ क र ख | १२०००।० |
| ६ | ६ क र ख | ११०००।० |
| ७ | ७ क र ख | १००००।० |
| ८ | ८ क र ख | ९०००।० |

ख. सिटीमार्ट भवनको पहिलो तला ग २१ को निजी लगानी गरि हालसम्म व्यवसाय गर्दै आएकोमा ग २१ सँगै रहेका६वटा सटर एक्सल बैकले भाडामा लिइ सटर सजावट गर्दा एकातर्फको सटर बन्द हुने भएकोले मेरो व्यवसायमा बाधा पर्ने भएको हुँदा सोही तलाको खाली रहेको ख २६ नम्बरको (हाल कायम रहेको भाडा ११ हजार) हाल मैले उपभोग गर्दै आएको सटर ग २१ को ७७८५ भाडादर भुक्तानी गर्ने गरि ख २६ सटर उपलब्ध गराइदिन भनि मिति२०८१/१०/२७ मा ओमकुमारी दुलालले निवेदन दिएको हुँदा माग बमोजिम भाडादर भूक्तानी गर्ने गरि सटर उपलब्ध गराउने ।

निर्णय नं. ११

आ.व २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सृजना का लागि तेस्रो किस्ता बापत निकासा भएको रकम रु ७,४५,४८८।०० बाट प्रति वडा ६२,१२४।०० का दरले विनियोजन गरी ज्याला बापत प्रतिदिन प्रति व्यक्ति रु ६६८ का दरले भुक्तानी हुनेगरि वडाका सूचिकृत बेरोजगार श्रमिकहरुलाई मर्मत संम्भार सग सम्बन्धित योजनाहरुमा खटाउने निर्णय गरियो ।



CamScanner

## नवौं कार्यपालिका बैठक मिति २०८१।१२।३१ का निर्णयहरु

निर्णय नं. १२

उप-प्रमुखबाट पेश भएको मासिक अनुगमन प्रतिवेदन उपर छलफल गरियो । प्रतिवेदनमा औंल्याइएका सुझावहरु प्रभावकारीरुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८१।११।२७ गतेको निर्णयबाट सिफारिस भए वमोजिम आगलागीबाट क्षति भएको जसवीरे टि प्रोसेसिङ इन्टरप्राइजेज प्रा.लि. आगलागी भएको जस्वीरे टि फ्याक्ट्रिलाइ राहत रकम उपलब्ध गराउने सम्वन्धमा रु ५०००० (अक्षरेपी पचास हजार मात्र) रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४

इलाम नगरपालिका वडा नं ५ को च.नं. ८६६, मिति २०८१।१२।२७ तथा वडा नं. ५ को च.नं. ८६८, मिति २०८१।१२।२९को पंत्रानुसार चालु आ.व. २०८१।८२ मा संचालन हुने रकम योजनाहरु स्थानान्तरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकको योजनाको नाम | विनियोजित रकम | स्थानान्तरण गर्नुपर्ने शिर्षक | स्थानान्तरण रकम | कैफियत |
|---|---|---|---|---|---|
| १३४ | अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम बाट कोठा बारबेर कायम भएकोमा | ५००००।- | रङ्गरोगन गर्न | ५०००० | वडा नं. ५ |

निर्णय नं. १५

इलाम नगरपालिकाको आ व २०८१/८२ को नगर गौरवको योजना क्र सं २६५ खर्च संकेत नं ३११५१ रामजानकी मन्दिर छांगे खोला बरडांडा सिम्ले हुंदै भुक्तेखोला सडक निर्माण तथा स्तरोन्नीको लागि प्रथम पटक ठेक्का लागिसकेको र निर्माण व्यावसायी जि डि एन कन्सट्रक्सनसंग रु ३१,५०,०४१.९५।–( मु अ कर र पि एस सहित) को खरिद सम्झौता समेत भएर निर्माण कार्य गर्ने क्रममा सडक खण्ड अन्तर्गत विभिन्न चेनेजमा तथा भुत्तेखोला कल्भर्ट निर्माणको लागि सुरु सम्झौता वमोजिम डिजाइन परिवर्तन गर्नुपर्ने निवेदन सम्वन्धित निर्माण व्यावसायीवाट पेश भएको र सो निवेदन उपर यस कार्यालयले तयार गरेको प्राविधिक प्रतिवेदन अनुरुप भेरिएसन आदेश जारी गर्नुपर्ने हुंदा सुरु सम्झौता रकममा रु३,३७,०२३.५९।- थप भई हुन आउने नयां सम्झौता रकम रु ३४,८७,०६४.५९।–(मु अ कर र पि एस सहित) को भेरिएसन आदेश १०.७०% वढी हुन जाने रकमको सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ बमोजिम भेरिएसन आदेश जारी गरि निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. १६

चालु आ.व. मा स्वीकृत वडा संगको सहकार्यमा टोल विकास संस्थाहरु मार्फत बृक्षारोपण कार्यक्रम संचालनका लागि योजना छनौट तथा वडा तर्फको बजेट सुनिश्चित गर्ने सम्बन्धमा प्रत्येक वडावाट रु. २०,०००।– को स्रोत सुनिश्चितता गरि इलाम नगरपालिकाको तर्फबाट थप रु. २०,०००।– उपलब्ध गराई वृक्षारोपण कार्यक्रम संचालन गर्ने ।

निर्णय नं. १७

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखाको च.नं. २३८, मिति २०८१।१२।१४ को प्राप्त पत्र तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानव अधिकार

CamScanner

तथा अन्तराष्ट्रिय सन्धि सम्झौता महाशाखाको मिति २०८१।१२।१०, च.नं. मा.अ./७/२५१ को पत्रानुसार मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व २०७७।७८-२०८१।८२) मा समावेश स्थानीय तहको कार्य जिम्मेवारीमा तोकिएका क्रियाकलापहरुलाई आ.व. २०८२।८३ को वार्षिक निति तथा कार्यक्रम तथा बजेट बनाउँदा समावेश गर्ने साथै वडा कार्यालयहरुलाई समेत सो सम्बन्धमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

इनपा ७ स्थित भिमसेनथान मन्दिरको जग्गा मिचेर संरचना निर्माण गरेको सम्वन्धमा प्रमुख, उपप्रमुख, पूर्वाधार विकास समिति संयोजक, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा नक्शापास शाखाको तर्फबाट स्थलगत रुपमा निरिक्षण गरि जग्गा यकिन गर्ने तथा आवश्यक कारवाही अघी बढाउने । साथै इलाम बजार क्षेत्रमा सडक पेटी बाहिर राखिएका फलफुल पसलहरु तथा अन्य पसलहरुले पसल बाहिर राखेका सामाग्रीहरु हटाउने ।

निर्णय नं. १९

अमर मावि बरबोटेको ठेगाना यकिन गर्नका लागि प्रचलित कानुनी व्यवस्था लगायतका तथ्य र प्रमाणहरुको अध्ययन प्रमुख प्रशासकीय अधिकृतको संयोजनमा गरि प्रतिवेदन पेश गर्न लगाउने ।

निर्णय नं. २०

इलाम नगरपालकिा वडा नं. ४ स्थित पुवाभ्याली बो. स्कुल लाई वडा नं. ७ मा स्थानान्तरणको लागि नियमानुशार पेश गर्नु पर्ने आवश्यक कागजपत्र पेश गरे पश्चात अनुमिति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

इलाम नगरपालिका वडा नं. ३ स्थित माउन्ट छिन्टापु बो. स्कुलको विषयमा परेको उजुरी सम्बन्धमा हाल अनुमति बेगर संचालनमा रहेको कक्षा ६ र ७ लाई संचालन नगर्नका लागि निर्देशन दिने । निर्देशन गरे पश्चात संचालनमा रहे/नरहेको एकिन गर्न कार्यालयको तर्फबाट अनुगनम गरि निर्देशनको अवज्ञा गरि संचालन गरेको पाइएको हाल प्रदान गरिएको कक्षा ५ सम्मको अनुमति समेत खारेज गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

इलाम नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र छानविन समितिको मिति २०८१।१२।३० को निर्णय सहितको सिफारिस बमोजिम "घ" वर्गको नयाँ निर्माण व्यवसायीको इजाजत पत्र दहायका निवेदकलाई उपलब्ध गराउने निर्णय गरीयो ।

| सि.नं. | आवेदकको नाम र ठेगाना | प्रस्तावित फर्मको नाम र ठेगाना | निर्माण व्यवसायिको इजाजत प्रदान हुन सिफारिस गरिएको फर्मको नाम, प्रोपाइटरको नाम र ठेगाना |
|---|---|---|---|
| १ | श्री सुमन खनाल, इलाम-०६ | क्वालिटी निर्माण सेवा, इलाम-०६ | क्वालिटी निर्माण सेवा, इलाम -०६, प्रो. श्री सुमन खनाल, इलाम-०६ |

नवौं कार्यपालिका बैठक मिति २०८१।१२।३१ का निर्णयहरु

| | | | |
|---|---|---|---|
| २ | श्री सन्तवीर सुनुवार, फिदिम-०८ | बुनुदेवी निर्माण सेवा, इलाम-०७ | बुनुदेवी निर्माण सेवा, इलाम -०७, प्रो. श्री सन्तवीर सुनुवार, फिदिम-०८ |
| ३ | श्री पूर्ण बहादुर गुरुङ्ग, इलाम-०८ | आर पि निर्माण सेवा, इलाम-०८ | आर पि निर्माण सेवा, इलाम-०८, प्रो. श्री पूर्ण बहादुर गुरुङ्ग, इलाम-०८ |

निर्णय नं. २३

स्थानीय स्तरमा उत्पादित फलफूल प्रशोधन तथा पेय पदार्थ/वाईन उत्पादन तथा ब्राण्डिङ्गका लागि सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं. २४

साना सिचाई कार्यक्रम अन्तर्गत इलाम नगरपालिका वडा नं. १० मा संचालित जोगमाइ बेसि सिंचाइ योजना, इ न पा १० को पहिलो भेरिएसन आदेश स्वीकृति गर्ने ।

निर्णय नं. २५

इलाम नगरपालिका वडा नं. ३ स्थित पुवामझुवा स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी. सहायकस्तर चौथो तह (करार) कर्मचारीले राजीनामा दिई निजको राजीनामा समेत स्वीकृत भईसकेको हुँदा सोबाट पद रिक्त भएकोले सोही स्थानमा सहायकस्तर चौथो तह (करार) मा पदपूर्तिका लागि विज्ञापन गर्ने ।

CS CamScanner

नवौं कार्यपालिका बैठक मिति २०८१।१२।३१ का निर्णयहरु

निर्णय नं. २६

खानेपानी महसुल समायोजना सम्बन्धी निम्न प्रस्तावहरु सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| सि.नं. | नाम, ठेगाना, धारा नं | स्थलगत निरिक्षण गर्दाको अवस्था | निवेदकको माग | स्थलगत निरिक्षप पश्चात सिफारीस गरिएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | देविमाया चौहान, इ.न.पा.-०९, धारा नं-१२३२ | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा कुनै समस्या नदेखिएको, पाइपलाइनमा लिकेज नदेखिएको, पानी आउनु अगाडी ट्रान्समिसन पाइपमा भएको हावा समय समयमा आउने गरेको र हावाले मिटर घमाएको पाइयो। हाल समस्या नरहेको । धारामा पानी आएपछिमात्र भल्व खोल्न सल्लाह दिइएको। | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको २०८० पुस देखि २०८१ माघ महिना सम्मको मासिक खा.पा. खपत युनिटको (क्रमशः६४, ५, ३२, ४०, २५, २७, ३४, ३२, २७, ३०, ३१, ४३, ३१, ३७) प्रकृतिको आधारमा २०८० पुसको खपत अंक ६४ लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा २०८० माघबाट २०८१ माघ सम्मको खपत अंकको औसत खपत अंक ३० लाइ मान्न सकिने देखिएकोले उक्त १ महिनाको ३० युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको विलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| २ | पदम बहादुर तामाङ्ग, इ.न.पा.-०६, धारा नं-50072 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा पाइपलाइनमा लिकेज नदेखिएको, भल्वमा लिकेज भएकोले वितरण पाइपलाइनमा रहेको हावाले मिटर घमाएर महशुल बढी आएको मान्न सकिने । हाल समस्या नरहेको । | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको २०८० श्रावण देखि २०८१ फाल्गुण महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमशः ६३, ६४, ४१, २३, २५, २४, ३०, ३६, ३१, ३०, ३०, ३८, ३२, २२, ४०, १८, ३५, १८, ३०, २८) प्रकृतिको आधारमा २०८० श्रावणको खपत अंक ६३ र २०८१ भदौको खपत अंक ६४ लाइ अस्वभाविक मान्नसकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा २०८० असोजबाट २०८१ फाल्गुण सम्मको खपत अंकको औसत खपत अंक २९ लाइ मान्न देखिएकोले, उक्त २०८० श्रावण र २०८० भाद्र महिनाको खानेपानी महशुल २९ युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |

CamScanner

नवौं कार्यपालिका बैठक मिति २०८१।१२।३१ का निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | हरीत शान्ती अभियान पार्क , इ.न.पा.-०८ , मिटर नं- २०१२३ | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा मिटर ठिक रहेको पाइयो । भल्वमा लिकेज भएको , पाइपलाइनमा लिकेज नदेखिएको, पानी आउनु अगाडी ट्रान्समिसन पाइपमा भएको हावा समय समयमा आउने गरेको र हावाले मिटर घमाएको पाइयो। हाल समस्या नरहेको । धारामा पानी आएपछिमात्र भल्व खोल्न सल्लाह दिइएको। | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2080 श्रावण देखि 2081 फाल्गुण महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:१००, १००, १२३, ११२, ८०, ११६, १०५, ११५, १३५, १६९, १९०, १२३, १३९, ८७, ७२, ५५, ८२, ६८, ७६, ६०) प्रकृतिको आधारमा 2080 आशोजको खपत अंक १२३, २०८० कार्तिकको खपत अंक ११२, २०८० पुषको खपत अंक ११६, २०८० माघको खपत अंक १०५, २०८० फाल्गुनको खपत अंक ११५, २०८० चैत्रको खपत अंक १३५, २०८१ बैसाखको खपत अंक १६९, २०८१ जेठको खपत अंक १९०, २०८१ असारको खपत अंक १२३, र २०८१ श्रावणको खपत अंक १३९ लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा २०८० श्रावणबाट २०८१ फाल्गुण सम्मको स्वाभाविक खपत अंकको औसत खपत अंक ७८ लाइ मान्न देखिएकोले, उक्त अस्वाभाविक खपत अंक मानिएका महिनाहरुको खानेपानी महशुल ७८ युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको विलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको विहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| ४ | खगेन्द्र कुमार राई , इ.न.पा.-०७ नविनचोक , धारा नं- ३४५५ | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा भल्व तथा मिटरमा हाल लिकेज नदेखिएको, पाइपलाइनमा लिकेज नदेखिएको, खानेपानी आउनु आगाडी कहिलेकाँही हावा आउने भएकोले वितरण पाइपलाइनमा रहेको हावाले विस्तारै मिटर घमाएको पाइयो। हाल समस्या नरहेको । धारामा पानी आएपछिमात्र भल्व खोल्न सल्लाह दिइएको। | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको २०८१ भाद्र देखि २०८१ मंसिर महिना सम्मको मासिक खा.पा. खपत युनिटको (क्रमश:२८,७६,१३,२०) प्रकृतिको आधारमा २०८१ आश्विनको खपत अंक ७६ लाई अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा २०८१ आश्विनको खपत अंकलाइ २० मान्न सकिने देखिएकोले उक्त आश्विन महिनाको २० युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको विलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको विहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |

नवौं कार्यपालिका बैठक मिति २०८१।१२।३१ का निर्णयहरु

निर्णय नं. २७
इलाम नगरपालिको कार्यपालिका बैठकमा उठेका विविध विषयको सन्दर्भमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. बालमैत्री वडा घोषणाका लागि वडा न ४ को देवकोटा आवि भित्तेमा खानेपानीको व्यवस्था (पाइपको व्यवस्था)/ छानो मर्मत गराउने ।

ख. रुक्मिणी आविमा कक्षा – ५ संचालनका लागि ४ लाख ५० हजार लागतको भवन निर्माण गर्नु पर्ने ।

ग. संकलन केन्द्रको निर्माण कार्य अघि बढाउने ।

घ. सत्यनारायण स्कुलको बाल मर्मत कार्य गराउने ।

ङ. प्र.म. पार्क व्यवस्थापन समितिलाइ पत्र प्रदान गर्ने ।

निर्णय नं. २८
इलाम नगरपालिकाका विभिन्न विद्यालयका विद्यार्थीहरुका लागि हस्तलेखन सम्बन्धी तालिम संचालन गर्नकालगि ४९८९७४.१० (अक्षरेपी चार लाख अन्ठानब्बे हजार नौ सय चौरहत्तर रुपैया दश पैसा) को लागत अनुमान र हस्तलेखन तालिम संचालनको कार्यक्षेत्रगत शर्त स्वीकृत गर्ने निर्णय गरियो ।

Ilam Municipality

**Office of The Municipal Executive**

Ilam, Koshi Province , Nepal

## Detailed Cost Estimate

Project: Selection of Service Provider (Firm/Company) for the Handwriting Training

Budget Sub. No : 216/22522 Approved Budget for FY 2081/82 : 500000

| SN | Description | No of Days required (man-days) | Rate* (Per month) | Rate* (Per Day/ Unit) | Amount (Rs) |
|---|---|---|---|---|---|
| A | **Remuneration of Manpower** | | | | |
| | **Key Staff-1 Nos** | | | | |
| | Training Coordinator/Team Leader (Officer 7th Level) | 35 | - | 1528.00 | 53480.00 |
| | **Field Staff-3 Nos** | | | | |
| | Trainer for Handwriting Training (Assistant 5th Level) | 105 | - | 1158.00 | 121590.00 |
| | **Total A** | | | | **175070.00** |
| B | **Travel and Accommodation** | **No of Trip** | | **Unit Rate** | **Amount (Rs)** |
| | Travel (Assuming 1 Trip for each ward by Four Wheel Vehicle) | 12 | | 4000.00 | 48000.00 |
| | Training Materials and Communication etc | 48 | | 4500.00 | 216000.00 |
| | **Total B** | | | | **264000.00** |
| C | **Printing and Binding** | | | | |
| | Completion Report Preparation, Printing and Binding all complete work | LS | | | 2500.00 |
| | **Total C** | | | | **2500.00** |
| D | **Total (A+B+C)** | | | | **441570.00** |
| F | **SUB Total** | | | | **441570.00** |
| G | VAT @ 13% of Total F | | | | 57404.10 |
| H | **GRAND TOTAL (F+G) for Handwriting Training** | | | | **498974.10** |



CamScanner

## नवौं कार्यपालिका बैठक मिति २०८१।१२।३१ का निर्णयहरु

### हस्तलेखन तालिम सञ्चालनका लागि सेवा प्रदायक छनौट कार्यका लागी तयार गरिएको कार्यक्षेत्रगत शर्त

**१. पृष्ठभूमि:** हालको शैक्षिक अवस्थामा विद्यार्थीहरूको हस्तलेखन स्पष्ट, राम्री पढ्न मिल्ने र आकर्षक हुनु अति आवश्यक छ। विशेष गरी धेरैजसो सामुदायिक विद्यालयका विद्यार्थीहरूको हस्तलेखन पढ्न नै नसकिने, अस्तव्यस्त र नमिलेको पाइन्छ। यसले उनीहरूको आत्मविश्वासमा असर पार्न सक्छ साथै शैक्षिक उपलब्धिमा पनि कमी ल्याउँछ। त्यसैले विद्यार्थीहरूको लेखाइका साथै सिकाइ उपलब्धीमा सुधारका लागि विशेष हस्तलेखन तालिम आवश्यक छ। उक्त कार्य अनुभवी प्रशिक्षकहरुबाट सञ्चालन गराउनको निमित्त अनुभवी सेवा प्रदायक छनौट गर्नुपर्ने भएकोले यो कार्यक्षेत्रगत शर्त तयार गरिएको छ।

**२. तालिमको उद्देश्यहरू:**

- विद्यार्थीहरूको हस्तलेखनमा सुधार गर्नु।
- लेखाइमा स्पष्टता, सन्तुलन, र सुन्दरता ल्याउनु।
- आत्मविश्वास अभिवृद्धि गर्नु।
- परीक्षामा राम्रो प्रस्तुतीकरणका लागि सिप विकास गर्नु।
- सिकाइ उपलब्धिमा सुधार गर्नु।

**३. तालिमको अवधि:**

- अवधि: ३५ दिन (प्रत्येक कक्षामा ६ कार्यघण्टा (४५ मिनेट) का दरले ७० कक्षाका लागी जम्मा ४२० कार्यघण्टा)
- फरक फरक विद्यालयमा वा एकै विद्यालयमा गरी दैनिक जम्मा ४ कार्यघण्टा (४५ मिनेट)

**४. लक्षित समूह:**

- इलाम नगरपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयका कक्षा ४ देखि कक्षा ८ सम्मका विद्यार्थीहरू
- विद्यार्थी संख्या कम भएका विद्यालयहरूमा अन्य कक्षाका विद्यार्थीहरूका लागी समेत
- वडा नं २, ९, १० र १२ का संस्थागत विद्यालयहरूका कक्षा ४ देखि कक्षा ८ सम्मका विद्यार्थीहरू

**५. तालिम सञ्चालन विधि/सेवा प्रदायक संस्थाले गर्नुपर्ने कार्यहरु:**

- व्यावहारिक अभ्यासहरू मार्फत हस्तलेखन तालिम सञ्चालन गर्नुपर्नेछ।
- हस्तलेखन सुधारका लागि विशेष कपी/वर्कबुक तथा अन्य सामाग्रीहरुको प्रयोग गरी तालिम सञ्चालन गर्नुपर्नेछ।
- भिडियो र प्रोजेक्टर प्रयोगद्वारा निर्देशन/सिकाइ कार्य गर्नु पर्नेछ।
- तालिम सम्पन्न भए पश्चात सहभागीहरुको अनिवार्य मूल्यांकन गर्नुपर्नेछ।

**६. आवश्यक सामग्रीहरू:**

- विशेष कपी/वर्कबुक (Four Line Paper)
- लेखन सामग्री (पेन्सिल, इरेजर, रूलर आदि)
- बोर्ड, बोर्ड मार्कर आदि।

**७. सेवा प्रदायक संस्थाको अनुभव, जनशक्ती र न्युनतम योग्यता:**

क) **संस्थाको अनुभव, दर्ता तथा क्षमता :** सेवा प्रदायक संस्थाले यस अघिको समयमा कम्तीमा १(एक) वटा हस्तलेखन तालिम सञ्चालन गरेको हुनुपर्नेछ र नेपालभर जुनसुकै जिल्लामा नियमानुसार फर्म/कम्पनी दर्ता प्राप्त भइ चालु आ.व.का लागी नविकरण भएको हुनुपर्नेछ। साथै आ.व. २०८०/८१ को कर चुक्ता गरेको हुनुपर्नेछ।

ख) **जनशक्ती :**

१) **तालिम संयोजक :** १ जना
आवश्यक न्यूनतम शैक्षिक योग्यता : कुनैपनी बिषयमा स्नातक वा सो सरह उत्तिर्ण गरेको।
अनुभव: शिक्षण सिकाइ/सिपमुलक तालिम आदिका क्षेत्रमा कम्तीमा ३ वर्ष कार्य गरेको अनुभव हुनुपर्नेछ।

२) **तालिम प्रशिक्षक :** ३ जना (१ प्रशिक्षकले दैनिक ४ वटा कक्षा सञ्चालन गर्ने गरी)
आवश्यक न्यूनतम शैक्षिक योग्यता : कुनैपनी बिषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको।
अनुभव: शिक्षण सिकाइ/सिपमुलक तालिम आदिका क्षेत्रमा कम्तीमा ३ वर्ष कार्य गरेको अनुभव हुनुपर्नेछ।

**८. प्रस्तावको ढाँचा :** प्रस्तावको ढाँचा नगरपालिकाले उपलब्ध गराए वमोजिम हुनेछ।

**९. प्रस्ताव पेश गर्ने तरिका :** प्रस्ताव पेश गर्न आह्वान गरिए वमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव एउटै खाममा राखी शिलवन्दी गरी खाम वाहिर नाम ठेगाना उल्लेख गरी ईलाम नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा तोकिएको मिति भित्र पेश गर्नुपर्नेछ।

**१०. प्रस्ताव मुल्यांकन गर्ने तरिका :** यस प्रस्ताव मूल्याङ्कनका लागी न्युन लागत विधि अपनाइनेछ। प्रस्ताव मूल्याङ्कन गर्दा सार्वजनिक खरिद (संसोधन सहित) ऐन, २०६३, सार्वजनिक खरिद (संसोधन सहित) नियमावली, २०६४ अनुसार प्राविधिक प्रस्ताव बापत १०० अंकभार मानि मुल्यांकन गरिनेछ। प्राविधिक प्रस्तावको अंकभार मध्ये जनशक्ती मुल्यांकन वापत ६० अंक, फर्मको कार्यानुभव तथा प्रस्ताव कार्ययोजना र प्रकृयाको मुल्यांकन वापत ४० अंक प्रदान गरी प्राविधिक प्रस्ताव मुल्यांकन गरिनेछ। प्राविधिक प्रस्ताव मुल्यांकनमा न्युनतम ६० अंक प्राप्त गरी सबैभन्दा घटी कबोल गर्ने प्रस्तावकलाई छनौट गरी संझौता गरिनेछ।प्राविधिक प्रस्ताव मुल्यांकनका लागि यसै साथ संलग्न तालिका बमोजिम अंकभार कायम गरिनेछ।

CS CamScanner

**११. अपेक्षित परिणाम :**

- विद्यार्थीहरूको हस्तलेखनमा सुधार हुने
- लेखाइमा स्पष्टता, सन्तुलन, र सुन्दरता ल्याउने
- लेखन सिपमा आत्मविश्वास अभिवृद्धि हुने
- सिकाइ उपलब्धिमा सुधार हुने

**१२. बजेट व्यवस्था तथा भुक्तानी सम्बन्धी व्यवस्था :** चालु आ.व. २०८१/८२ को बजेट शिर्षक नं २१६/२२५२२ मा विनियोजित बजेट रकम मध्येबाट रु ५,००,००० बाट उल्लेखित सेवाप्रदायक छनौट गरी उक्त तालिम सञ्चालन गरिनेछ। तालिम सम्पन्न भएपछि विभिन्न मिति तथा समयमा भएको वडा/नगर स्तरिय अनुगमन समितिको सिफारिस समेतका आधारमा सम्पन्न प्रतिवेदन प्राप्त भएपश्चात सम्झौता बमोजिमको एकमुष्ठ रकम सेवाप्रदायकको बैंक खातामार्फत भुक्तानी गरिनेछ।

**१३. विविध :** यसमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद (संसोधन सहित) ऐन, २०६३ र सार्वजनिक खरिद (संसोधन सहित) नियमावली २०६४ तथा अन्य प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

CamScanner